# पर्सागढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा

मधेश प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्डः– ६ संख्याः– ७ मितिः– २०७९/०४/१५ गते


## भागः– १

## पर्सागढी नगरपालिका एफ.एम. रेडियो (सञ्चालन व्यवस्थापन) ऐन, २०७८

**प्रस्तावनाः**

नेपालको संविधानको अनूसुची -८ को ३ वमोजिम र स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा २ ग अनुसार एफ.एम. रेडियो सञ्चालनको लागि अनुमति, नविकरण र नियमन गर्ने सम्बन्धमा ऐनको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

पर्सागढी नगरपालिकाको नगर सभाले नेपालको संविधानको धारा २२६ को (१) र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) ले दिएको अधिकार प्रयोग गरी एफ.एम. रेडियो सञ्चालनको लागि अनुमति, नविकरण र नियमन गर्न **पर्सागढी नगरपालिका एफ.एम. रेडियो (सञ्चालन व्यवस्थापन) ऐन, २०७८** पारित गरेको छ ।

### परिच्छेद -१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम पर्सागढी नगरपालिका एफ.एम. रेडियो (सञ्चालन व्यवस्थापन) ऐन, २०७८ रहेको छ ।

(२) यो ऐन नगर सभाले परित गरी पर्सागढी नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(१) "नगरपालिका" भन्नाले पर्सागढी नगरपालिका सम्झनुपर्छ ।

(२) "प्रमुख" भन्नाले यस पर्सागढी नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(३) "उप-प्रमुख" भन्नाले पर्सागढी नगरपालिकाको उप-प्रमुख सम्झनुपर्छ ।

(४) "कार्यपालिका" भन्नाले पर्सागढी नगरपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(५) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पर्सागढी नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने कर्मचारी प्रमुख सम्झनुपर्छ । यसले कार्यपालिका र नगर सभाको सदस्य सचिवलाई समेत जनाउछ ।

(६) "कार्यालय" भन्नाले पर्सागढी नगरपालिकाको कार्यपालिकाको कार्यालय सम्झनुपर्छ

(७) "कार्यपालिका सदस्य" भन्नाले पर्सागढी नगरपालिकाको कार्यपालिका सदस्य सम्झनुपर्छ । सो शव्दले नगरपालिकाको प्रमुख, उप-प्रमुख र वडा अध्यक्ष समेतलाई जनाउछ ।

(८) "नगर सभा" भन्नाले पर्सागढी नगरपालिकाको नगर सभा सम्झनुपर्छ ।

(९) "सभा सदस्य" भन्नाले पर्सागढी नगरपालिकाको नगर सभा सदस्य सम्झनुपर्छ । सो शव्दले नगरपालिकाको प्रमुख, उप-प्रमुख, वडा अध्यक्ष र कार्यपालिका सदस्य समेतलाई जनाउछ ।

(१०) "मन्त्रालय" भन्नाले सूचना तथा सञ्चार मन्त्रालय वा सो कामको लागि तोकिएको संघ र प्रदेशको मन्त्रालयलाई सम्झनु पर्छ।

(११) "विषयगत शाखा" भन्नाले पर्सागढी नगरपालिका अन्तरगतको विषयगत शाखा, उपशाखा वा इकाईलाई सम्झनुपर्छ।

(१२) "वडा सचिव" भन्नाले पर्सागढी नगरपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको वडा सचिव/कर्मचारी सम्झनुपर्छ।

(१३) "वडा समिति" भन्नाले पर्सागढी नगरपालिकाको वडा समितिहरु सम्झनु पर्छ।

(१४) "समन्वय तथा अनुगमन समिति" भन्नाले यसै ऐनको दफा १२ बमोजिम गठन हुने समन्वय तथा अनुगमन समितिलाई सम्झनु पर्छ।

(१५) "स्याटेलाईट रिसिभिंग सिष्टम" भन्नाले अधिकांश भाग पृथ्वीको वायुमण्डल बाहिर रहने वा रहेको एक वा एक भन्दा बढी भू–उपग्रहहरु व अन्तरिक्ष स्टेशनबाट प्राप्त गर्ने डिस एण्टेना लगायतका संचार प्रणाली सम्झनुपर्छ।

(१६) "रेडियो यन्त्र" भन्नाले लगातार तारको कनेक्शन विना रेडियो तरंगद्वारा शब्द, चित्र वा संकेत प्राप्त गर्ने वा पठाउने कामको निमित्त प्रयोग गरिने देहायको यन्त्रहरु सम्झनुपर्छ:

(क) डिस एण्टेना लगायत सबै प्रकारको स्याटलाइट रिसिभिंग सिष्टमहरु,

(ख) रेडियो ट्रान्समिटर

(१७) संस्था भन्नाले एफ एम रेडियो सञ्चालन गर्ने संघ, सस्था, प्राइभेट फर्म, सझेदारी, सहकारी, कम्पनि आदिलाई वुझाउने छ।

(१८) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावलीमा तोकिएको वा तोकिए वमोजिम भन्ने जनाउछ।

## परिच्छेद -२
## प्रसारण अनुमति वा स्वीकृति र खारेजी सम्वन्धी व्यवस्था

**३. प्रसारण सम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालन:**

(१) नगरपालिका भित्र १०० (एक सय) वाट सम्मको एफ. एम. रेडियोको प्रसारण सम्वन्धी कार्यक्रमको रेखदेख र सञ्चालनको नीति निर्माण र नियमन गर्ने अधिकार कार्यपालिकालाई हुनेछ।

(२) यो ऐन लागु हुनुपूर्व प्रचलित कानून बमोजिम इजाजतपत्र लिई सञ्चालन भैरहेका १०० (एक सय) वाट सम्मका एफ. एम. रेडियोहरुको प्रसारण सम्वन्धी कार्य यसै ऐन वमोजिम भएको मानिनेछ।

(३) यो ऐन लागु हुनुपूर्व प्रचलित कानून बमोजिम इजाजतपत्र लिई सञ्चालन भैरहेका १०० (एक सय) वाट सम्मका एफ. एम. रेडियोहरुको प्रसारण सम्वन्धी कार्यको रेखदेख र नियमन कार्य समेत यसै ऐन अनुसार कार्यपालिकाको हुनेछ।

**४. इजाजतपत्र नलिई प्रसारण गर्न नहुने:**

(१) कसैले यस ऐन बमोजिम इजाजतपत्र नलिई नगरपालिकाको क्षेत्र भित्र एफ. एम. सञ्चालन गर्न पाउने छैन।

(२) उपदफा (१) विपरित गरेमा दफा १९ बमोजिम जरिवाना गरिनेछ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि यो ऐन आउनु भन्दा अगावै प्रचलित नेपाल कानून बमोजिम दर्ता भै सञ्चालन भैरहेका १०० वाट सम्म क्षमता भएका- एफ एम रेडियोहरुको हकमा नयाँ इजाजतपत्र लिइरहनुपर्ने छैन तर यो ऐन लागु भएको मितिले १ (एक) भित्र कार्यालयमा तोकिएको शुल्क बुझाएर इजाजतपत्र दर्ता नियमित गर्नुपर्नेछ ।

**५. इजाजतपत्रको लागि निवेदन दिनु पर्ने:**

(१) १०० (एक सय) वाट सम्मका एफ.एम. रेडियो सञ्चालन इजाजतपत्र लिन चाहने संस्थाले अनुसूची -१ बमोजिमको ढाँचामा कार्यपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(२) १०० (एक सय) वाट सम्मका एफ.एम. रेडियो सञ्चालन गरीरहेका संस्थाले इजाजतपत्र दर्ता नियमित गर्न अनुसूची -२ बमोजिमको ढाँचामा कार्यपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन उपर आवश्यक छानविन गरी कार्यपालिकाले उपयुक्त ठानेमा अनुसूची -३ को ढाँचामा एफ.एम. रेडियो सञ्चालन इजाजतपत्र दिन सक्नेछ ।

(४) उपदफा (२) वमोजिमको निवेदन उपर आवश्यक छानविन गरी कार्यपालिकाले उपयुक्त ठानेमा अनुसूची -४ को ढाँचामा एफ.एम. रेडियो सञ्चालन दर्ता नियमित इजाजतपत्र दिन सक्नेछ ।

(५) इजाजत दिन नसकिने अवस्था कारण सहितको जानकारी संवन्धितलाई दिनु पर्ने छ ।

**६. निवेदन साथ संलग्न गर्नुपर्ने:**

दफा ५ वमोजिम दिने निवेदन साथ देहायको कागजात संलग्न गर्नुपर्नेछ:

(१) सम्वन्धित विषयमा अनुभवी तथा ख्याति प्राप्त व्यक्ति वा मान्यता प्राप्त अनुसन्धानात्मक संस्थाबाट आफूले इजाजतपत्र लिन खोजेको विषयको आर्थिक, प्राविधिक तथा व्यावशायीक पक्षमा विस्तृत अध्ययन गर्न लगाई तयार गरेको प्रतिवेदन,

(२) प्रसारण संस्था दर्ताको प्रमाणपत्र, सम्वन्धित विधान तथा सञ्चालकहरूको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाण पत्र ।

(३) निवेदन दस्तुर बुझाएको नगदी रसिद वा तोकिएको राजश्व खातामा जम्मा गरेको दोस्रो प्रति भौचर, प्रसारण केन्द्र रहने ठाउँको विवरण र रित पुगेको स्वमित्व स्विकृती पत्र ।

(४) एफ.एम. रेडियो संञ्चालन दर्ताको लागि उपदफा (१)(२)(३) वमोजिमका कागजात सहित अनुसूची -१ अनुसार, दर्ता (नियमित) गर्नको लागि उपदफा (२) र (३) वमोजिमको कागजात, स्विकृतीप्रप्त इजाजतपत्रको प्रतितिपी एवं अनुसूची -२, अनुसार र नविकरणको लागि उपदफा (२) र (३) वमोजिमको कागजात, स्विकृति प्रप्त इजाजतपत्रको प्रतितिपी एवं अनुसूची -५ अनुसार उल्लेखित कागजातहरु अनिवार्य समावेश गर्नुपर्नेछ ।

**७. इजाजतपत्र दिन सकिने :**

(१) समन्वय तथा अनुगमन समितिले दफा ६ बमोजिम एफ.एम. रेडियो संञ्चालन दर्ताको लागि उपयूक्त देखेमा कार्यपालिकामा प्राप्त निवेदन र संलग्न कागजात साथै राखी फ्रिक्वेन्सी उपलब्ध हुने नहुने सम्बन्धमा नेपाल सरकारको विषयगत मन्त्रालयमा लेखि पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखि पठाएको विषयमा नेपाल सरकारको सम्वन्धित निकाय बाट फ्रिक्वेन्सी उपलब्ध गराउन सकिने व्यहोरा लेखि आएमा नगरपालिकाले निवेदकलाई इजाजतपत्र उपलब्ध गराउनेछ।

(३) उपदफा (२) बमोजिम इजाजतपत्र दिनुपूर्व नगरपालिकाले रेडियो उपकरणहरु (एफ. एम. ट्रान्समिटर, एस. टी. एल. लिंक र बि. बि .सि .रिसिभर) को इजाजत र नियमनको व्यवस्था मिलाउनु पर्नेछ ।

(४) रेडियो उपकरणहरु (एफ एम ट्रान्समिटर, ए.स.टी.एल.लिंक र वि.बि.सि.रिसिभर) को इजाजतपत्र लिनको लागि अनुसूची –७, र अनुसूची –८ बमोजिम कागजातहरु अनिवार्य समावेश गर्नुपर्ने छ ।

(५) रेडियो उपकरणहरु (एफ.एम ट्रान्समिटर, एस.टी.एल.लिंक र बि.बि.सि.रिसिभर) इजाजतपत्र अनुसूची –९, र अनुसूची–१० बमोजिम हुनेछ ।

(५) इजाजतपत्रको अवधी एक आर्थिक वर्षको हुनेछ ।

## ८. इजाजतपत्रको अवधी र नविकरण दस्तुरः

(१) एफ.एम रेडियोको इजाजतपत्र प्रत्येक आर्थिक वर्षमा नविकरण गर्नुपर्नेछ ।

(२) इजाजतपत्र नविकरण गराउन इजाजतपत्र वहाल रहने अवधी भुक्तान भएको ३ ( तिन) महिना भित्र दफा ६ को उपदफा (२) (३) मा उल्लेखित कागजात, नगर सभाले तोके अनुसारको बुझाउनु पर्ने बार्षिक एवं अन्य शुल्क बुझाएको प्रमाण संलग्न गरी इजाजतपत्र नविकरणको लागि अनुसूची –५ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम इजाजतपत्र नविकरण निवेदनलाइ तोकिए वमोजिम नविकरण गरी दिनु पर्नेछ ।

(४) उपदफा (२) वमोजिमको म्याद भुक्तान भएपछि १ वर्ष (आषढ मसान्त) सम्म इजाजतपत्र नविकरण गर्न आएमा तोकिए बमोजिमको थप जरिवाना, र विलम्व दस्तुर समेत लिई कार्यपालिकाको निणर्यले इजाजतपत्र नविकरण गरी दिन सक्नेछ । म्याद भुक्तान भएको १ (एक) वर्ष (आषढ मसान्त) भित्र पनि इजाजतपत्र नविकरण नगराएमा त्यस्तो इजाजतपत्र स्वतः रद्द हुनेछ ।

(७) एफ.एम रेडियो दर्ता, तथा दर्ता (नियमित) र नविकरण तथा विलम्व शुल्क एव जरिवाना नगर सभा तथा कार्यपालिकावाट तोकिए अनुसार हुनेछ ।

## ९. दस्तुर तिर्नु पर्ने :

(१) एफ.एम. रेडियो सञ्चालन गर्ने व्यक्ति, संस्था वा निकायले नगर सभाले तोके वमोजिम शुल्क तिर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम शुल्क बुझाउँदा सम्बन्धित व्यक्ति संस्था वा निकायले अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गराई सोको प्रतिवेदन समेत पेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम शुल्क नबुझाउने वा उपनियम (२) बमोजिम लेखापरीक्षणको प्रतिवेदन पेश नगर्ने संस्था वा व्यक्तिका सम्बन्धमा समन्वय तथा अनुगमन समितिले देहाय बमोजिम गर्नसक्नेछ: -

(क) विज्ञापनमा रोक लगाउन,

(ख) सञ्चार सामग्री एवं सोसँग सम्वन्धित कच्चा पर्दाथको पैठारीमा रोक लगाउन,

(ग) त्यस्तो संस्था वा व्यक्तिको प्रेस प्रतिनिधि प्रमाणपत्र रद्द गर्न ।

सो अनुसार गर्दा लाग्ने जरिवाना भने नगरपालिकाले असुल गरीलिने छ ।

**१०. प्रसारणमा रोक लगाउन सकिने:**

एफ.एम. रेडियो प्रसारण स्थलको निरीक्षण गर्दा वा त्यस्तो एफ.एम. रेडियोको कुनै प्रसारण सम्बन्धमा परेको उजुरीको छानबीन गर्दा देहाय बमोजिम हुनेछ ।

(१) निरीक्षण तथा छानवीन गर्दा शर्त वमोजिम कार्यक्रम प्रसारण नगरेको भेटिई समन्वय तथा अनुगमन समितिले सचेत गराई सुधारको मौका दिंदा पनि शर्त बमोजिम काम नगरेको भन्ने पुन: गरिएको निरीक्षण तथा छानवीनबाट देखिन आएमा बढीमा ३ महिनाको लागि त्यस्तो एफ एम रेडियोको कुनै कार्यक्रम वा सम्पूर्ण कार्यक्रमको प्रसारणमा रोक लगाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको कारवाही गर्दा पनि शर्त बमोजिम काम नगरेको भन्ने निरीक्षण तथा छानवीनबाट देखिएमा कार्यपालिले एफ.एम रेडियो तत्काल बन्द गर्न वा हटाउन निर्देशन दिन सक्नेछ ।

(३) कसैले ऐन बमोजिम इजाजतपत्र नलिई अनधिकृत रूपमा कुनै एफ.एम रेडियो प्रसारण गरेको देखिएमा वा भेटिएमा त्यस्तो एफ.एभ रेडियो तत्काल बन्द गर्न वा हटाउन निर्देशन दिइनेछ ।

(४) उपदफा (२) वा (३) वमोजिम दिएको निर्देशन पालना नगरेमा कार्यपालिकाले एफ.एम रेडियो संञ्चालन सम्वन्धी सवै उपकरण, औजार तथा सामाग्री जफत गर्न सक्नेछ ।

(५) एफ. एम. रेडियोलाई कारवाही गर्दा कारवाही गर्नुपुर्व सफाईको मौका दिनु पर्नेछ ।

**११. इजाजतपत्र रद्द गर्न सकिने:**

तोकिएको शर्त र समयावधि भित्र प्रसारण प्रारम्भ नगर्ने व्यक्ति संस्था वा निकायको इजाजतपत्र स्वत: रद्द हुनेछ । तर सो संस्थाको आधा भन्दा वढि कार्य भइसकेको देखिएमा ३ महिना थप समय दिन सकिनेछ ।

## परिच्छेद -३
## अनुगमन तथ नियमन

**१२. समन्वय तथा अनुगमन समिति:**

(१) एफ.एम रेडियो सञ्चालन व्यवस्थापन गर्न गराउन नगरपालिकामा निम्नानुसारको एक समन्वय तथा अनुगमन समिति रहने छः

(१) नगरपालिकाको प्रमुख -संयोजक

(२) नगरपालिकाको उपप्रमुख -सह संयोजक

(३) कार्यपालिकाको सदस्यहरु मध्येवाट १ जना महिला सहित २ जना -सदस्य (विषयवस्तुको जानकारी भएको भए राम्रो)

(४) प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

(२) संयोजकले आवश्यकता ठानेमा विषय विज्ञ तथा सरोकारवालालाई परामर्शको लागि वैठकमा आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सक्नेछ ।

**१३. एफ.एम रेडियो समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः**

समन्वय तथा अनुगमन समितिलाई देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः

(१) इजाजतपत्र प्राप्त गर्न दर्ता हुन आएका १०० वाट क्षमता सम्मको एफ.एम. रेडियोको दर्ता सम्वन्धमा आवश्यक छानविन गरी निर्णयार्थ कार्यपालिकामा पेश गर्ने ।

(२) नगरपालिकाको इजाजतमा सञ्चालित एफ.एम. रेडियोहरुले तोकिएको शर्त अनुरुप कार्य गरे नगरेको अनुगमन गर्ने व्यवस्था मिलाउने ।

(३) नगरपालिकाको क्षेत्र भित्र एफ.एम रेडियो सञ्चालनको लागि आवश्यक समन्वय तथा सोको अनुगमन गर्ने, आवश्यक निर्देशन दिने ।

(४) एफ.एम. रेडियोहरु वारे प्राप्त गुनासो उजुरीहरुको छानविन गरी आवश्यक कारवाही गर्ने र पुर्ण रुपमा वन्द गराउनु पर्ने देखिएमा निर्णय सहित कार्यपालिकामा पेश गर्ने ।

(५) दर्ता नियमित र नविकरण (वार्षिक) गर्नको लागि परेका आवेदन उपर आवश्यक छानविन गरी उपयुक्त देखिएमा दर्ता नियमित र नविकरण अनुमती दिने ।

(६) समयानुकुल एफ.एम. रेडियो सञ्चालन सम्वन्धी नीति नियम निर्देशिका तयार गरी कार्यपालिका वाट पारित गराई लागु गर्ने, गराउने ।

(७) आवश्यक देखिएका अन्य कार्यहरु गर्ने ।

**१४. समन्वय तथा अनुगमन समितिको वैठक र कार्य प्रक्रियाः**

(१) समन्वय तथा अनुगमन समितिको वैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) वैठक संञ्चालन विधि प्रकृया तोके वमोजिम हुनेछ ।

## परिच्छेद -४

## पालना गर्नुपर्ने शर्त तथा प्रसारण

**१५. एफ.एम रेडियोले पालना गनुपर्ने शर्तहरुः**

यस कानून बमोजिम दर्ता र दर्ता नियमित भई सञ्चालनमा रहेका एफ एम रेडियोहरुले कार्यक्रम प्रसारण गर्दा देहाय बमोजिमको शर्तहरुको अधीनमा रही कार्यक्रम प्रसारण गर्नुपर्नेछः

(१) एफ .एम. रेडियोले प्रसारण गर्ने समाचार कुनै दल विशेषको नभई स्वतन्त्र, तटस्थ रुपमा सत्य समाचारको रुपमा कार्यकम प्रसारण गर्नुपर्नेछ ।

(२) लोक कल्याणकारी समाचारहरुको प्रसारणमा ध्यान दिनुपर्नेछ ।

(३) समाचार प्रवाहमा देशको राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता तथा वातावरणमा कुनै पनि किसिमले असर नपर्ने हिसावमा प्रसारण गर्नुपर्नेछ ।

(४) सेवा लिन ईच्छुक सेवाग्राहीलाई विना पूर्वाग्रह सेवा उपलव्ध गराउनु पर्नेछ । साथै सेवा सुविधा तोक्दा प्रचलित बजार दरभन्दा बढी लिन पाइने छैन ।

(५) कार्यालय समय अघिपछि र विदाको दिनमा पनि सेवाग्राहीको आवश्यकता बमोजिम सेवा प्रवाह गर्ने व्यवस्था सुनिश्चतता गर्नुपर्नेछ ।

(६) स्विकृती लिदा तोकिएको समय कार्यक्रम र वन्देजको पुर्ण पालना गरी नियमित कार्यक्रम प्रसारण गर्नुपर्नेछ । नियमित प्रसारणमा प्रविधिक कारणले ७ दिन भन्दा वढी प्रसारण वन्द गर्नुपर्ने अवस्था आएमा सोको कारण सहित र पुन प्रसारण सुरु गर्दा समेत कार्यपालिकालाई जाकारी गराउनु पर्नेछ ।

(७) कार्यक्रम प्रसारण वा वितरण गर्दा सम्वन्धित प्रसारण संस्था वा व्यक्तिको सहमति लिएको हुनु पर्नेछ ।

(८) नगरपालिकाको समाचार कार्यक्रम तयार र प्रसारणको व्यवस्था गर्नुपर्नेछ ।

(९) यो कार्यविधि लागु हुनु पूर्व सूचना तथा संचार मन्त्रालयबाट राष्ट्रिय प्रसारण ऐन, २०४९ र राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम जारी गरेका १०० वाट सम्मका एफ. एम. को ईजाजतपत्रहरु यसै ऐन बमोजिम जारी भएको मानिनेछ ।

(१०) आपत्कालीन वा विपद्को समयमा संघीय तथा प्रदेश सरकार र कार्यपालिकाबाट निर्देशन भएमा सरकारी सूचनाहरू निःशुल्क प्रसारण गर्नुपर्नेछ ।

(११) युद्ध वा संकटकालीन समय आई परेमा संघीय तथा प्रदेश सरकार र कार्यपालिकाले कुनै खास कार्यक्रमहरू मात्र प्रसारण गर्नेगरी निर्देशन दिएमा सोही कार्यक्रमहरू मात्र प्रसारण गर्नुपर्नेछ ।

(१२) कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले कार्यक्रम प्रसारणको आरम्भ, वीच र अन्त्यमा आफ्नो परिचय (कल साइन) दिनुपर्नेछ ।

(१३) प्रचलित ऐन कानुनको पूर्णरुपमा परिपालना गर्नुपर्नेछ ।

**१६. प्रसारण गर्न नहुने:**

एफ.एम. रेडियोहरुले देहाय बमोजिमको कुनै कार्यक्रम प्रसारण गर्नेछैनः

(१) नेपालको सुरक्षा, शान्ति र व्यवस्थामा खलल पर्न जाने,

(२) सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने,

(३) नेपालको सार्वभौमसत्ता र अखण्डतामा आँच पुऱ्याउने,

(४) विभिन्न जात, जाति, धर्म, वर्ण, क्षेत्र, सम्प्रदायका मानिसहरू बीच वैमनश्यता सिर्जना गर्ने वा सामाजिक दुर्भावना फैलाउने,

(५) अदालतको अवहेलना हुने,

(६) सामाजिक विकृति फैलाउने किसिमका अश्लिल सामग्रीहरू,

(७) कुनै व्यक्ति, संस्था वा निकायको नाम किटान गरी कसैको मान, मर्यादा वा प्रतिष्ठामा आघात पार्ने सामग्रीहरू,

(८) कुनै व्यक्ती, निकायको गोपनियताको हकमा दखल हुने सामाग्रीहरु,

(७) संविधान तथा प्रचलित कानूनको सीमाभित्र रही नगर सभाले प्रसारण गर्न नहुने भनी तोकिदिएका अन्य सामग्रीहरू,

**१७. कार्यक्रम प्रसारण प्रारम्भ गर्नु पर्ने:**

(१) इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले इजाजतपत्र वा अनुमतिपत्र पाएको मितिले ३ महिनाभित्र आफ्नो प्रसारण प्रारम्भ गर्नुपर्नेछ ।

(२) इजाजतपत्र प्राप्त कुनै व्यक्ति वा सङ्गठित संस्थाले उपनियम (१) बमोजिमको अवधी भित्र प्रसारण प्रारम्भ गर्न नसक्ने भएमा सोको आधार र कारण समेत खुलाई अवधी थपको लागि त्यस्तो अवधी भुक्तान हुनु अगावै उल्लेख भए अनुसार पर्सागढी नगरपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा अवधी थप गर्न मनासिव देखेमा पर्सागढी नगरपालिकाको एफ. एम. रेडियो समन्वय तथा अनुगमन समितिले १ (एक) महिनासम्मको अवधी थप गर्नसक्नेछ ।

(४) उपदफा (१) वा (३) बमोजिमको अवधीभित्र पनि प्रसारण प्रारम्भ नगर्ने व्यक्ति वा संस्थाले प्राप्त गरेको एफ. एम. रेडियो संञ्चालन इजाजतपत्र स्वत: रद्द हुनेछ ।

**१८. नियमन गर्न सक्ने:**

(१) इजाजतपत्र लिदा तोकिएको शर्तहरू बमोजिम कार्यक्रम प्रसारण गरे वा नगरेको सम्वन्धमा एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिले वा तोकिएको अधिकारीले प्रसारण सम्वन्धी संस्थाको निरीक्षण तथा छानवीन गर्न गराउन सक्नेछ । साथैं निरीक्षण तथा छानवीन गर्दा शर्त बमोजिम कार्यक्रम प्रसारण नगरेको पाइएमा इजाजतपत्रमा उल्लेखित शर्तहरू बमोजिम कार्यक्रम प्रसारण गर्न एफ.एम रेडियो समन्वय तथा अनुगमन समितिले वा तोकिएको अधिकारीले एक पटकको लागि बढीमा १ महिना समय उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण तथा छानवीन गर्दा शर्त बमोजिम कार्यक्रम प्रसारण नगरेको र पटक पटक मौका दिंदा पनि शर्त बमोजिम काम नगरेको भन्ने पुन: गरिएको निरीक्षण तथा छानवीनबाट देखिएमा वा कसैले ऐन बमोजिम इजाजतपत्र नलिई अनधिकृत रूपमा कुनै कार्यक्रम प्रसारण गरेको देखिएमा कार्यपालिकाले त्यस्तो एफ.एम रेडियो तत्काल बन्द गर्न सक्नेछ । तर बन्द गर्नु अगाडि सफाईको मौका दिनु पर्नेछ ।

**१९. दण्ड जरिवाना:**

(१) यस कानून विपरित गर्नेलाई कार्यपालिकाले एफ. एम. रेडियो समन्वय तथा अनुगमन समितिको सिफारिशमा हर्जना विगो सहित थप २५ प्रतिशत जरिवाना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जरिवाना गर्नुपूर्व त्यस्तो एफ.एम. रेडियो सञ्चालकलाई आफ्नो सफाईको मौका दिइनेछ ।

२०. पुनरावेदन:

कार्यपालिकाले दफा १९ बमोजिम गरेको जरिवाना उपर चित्त नबुझ्ने पक्षले सो निर्णय भएको ३५ दिनभित्र न्यायिक समितिमा पुनरावेदन गर्नसक्नेछ । न्यायिक समितिको निर्णय उपर समेत प्रचलित कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

## परिच्छेद -५

## प्रतिलिपि, ठाउसारी, नामसारी तथा संसोधन

**२१. इजाजतपत्रको प्रतिलिपि:**

(१) यस कानून बमोजिम प्राप्त इजाजतपत्र हराएमा, नासिएमा वा कुनै कारणवश च्यातिएमा इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाले सो को प्रतिलिपिमाग गर्नसक्नेछ ।

(२) कसैले उपदफा (१) बमोजिम प्रतिलिपी मांग गरेमा तोकिएको दस्तुर लिई प्रतिलिपी (नक्कल) दिनु पर्नेछ ।

**२२. विवरण संशोधन गर्न सक्ने:**

(१) कसैले इजाजतपत्रमा उल्लेखित कुनै विवरण संसोधन गर्न चाहेमा वा विवरण बदल्न चाहेमा तोके बमोजिम दस्तुर सहित अनुसूची -११ बमोजिमको ढाँचामा पर्सागढी नगरपालिकाको समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण बदल्न वा विवरण बदल्न दिएको निवेदनको व्यहोरा मुनासिब देखिएमा निवेदन बमोजिमको विवरण कायम गरी दिन सक्नेछ ।

**२३. हक हस्तान्तरण गर्न सक्ने:**

(१) नगरपालिका वाट इजाजत पत्र लिई सञ्चालनमा रहेका एफ. एम. रेडियोका हक ( स्वमित्व) हस्तान्तरण गर्नुपर्ने भएमा देहाय वमोजिमको कागजात सहित निवेदन पेश गर्नुपर्नेछ ।

(क) स्वामित्व (हक) हस्तान्तरण सम्वन्धित सहमती पत्र (दुवै पक्षको) ।

(ख) स्वामित्व स्विकार गर्ने पक्षको कानूनी वैधता ।

(ग) स्वामित्व स्विकार गर्ने पक्षको विवरण ।

(घ) स्वामित्व हस्तान्तरण गर्न दुवै पक्षको सञ्चालक समितिको निर्णय ।

(ङ) अनुसुची -१२ को निवेदनमा उल्लेख भएको अन्य कागजात र विवरण ।

(२) नगरपालिकामा पेश भएको हक हस्तान्तरण सम्वन्धी निवेदन र कागजातको अध्ययन गरी उपयुक्त देखिएमा आवश्यक प्रकृया पुरा गरी एफ. एम. रेडियो समन्वय तथा अनुगमन समितिको निर्णयले हक हस्तान्तरण स्विकृत हुनेछ ।

(३) हक हस्तान्तरणको लागि लाग्ने दस्तुर तोकिए वमोजिम हुनेछ ।

**२४. ठाउसारी (स्थान्तरण) गर्न सक्ने:**

(१) नगरपालिकावाट इजाजत पत्र लिई सञ्चालनमा रहेका एफ. एम. रेडियोंका ठाउसारी (स्थान्तरण) गर्नुपर्ने भएमा देहाय वमोजिमको कागजात सहित अनुसुची -१३ अनुसारको निवेदन पेश गर्नुपर्नेछ ।

(क) ठाउसारी (स्थान्तरण) गर्नपर्नाको कारण ।

(ख) ठाउसारी (स्थान्तरण) भई स्थापना हुने स्थानको विवरण ।

(ग) प्रसारण केन्द्र रहने ठाउँको विवरण र रित पुगेको स्वमित्व स्विकृती पत्र ।

(घ) सञ्चालक समितिको निर्णय ।

(ङ) अनुसुची -१३ को निवेदनमा उल्लेख भएको अन्य कागजात र विवरण ।

(२) पर्सागढी नगरपालिकामा पेश भएको ठाउसारी (स्थान्तरण) सम्वन्धी निवेदन र कागजातको अध्ययन गरी उपयुक्त देखिएमा आवश्यक प्रकृया पुरा गरी एफ. एम. रेडियो समन्वय तथा अनुगमन समितिको निर्णयले ठाउसारी (स्थान्तरण) स्विकृत हुनेछ ।

(३) ठाउसारी हुन नगरपालिकाको पुर्व स्विकृती लिएको हुनु पर्नेछ ।

(४) ठाउसारी (स्थान्तरण) को लागि लाग्ने दस्तुर तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद -६
## विविध

**२५. अनूसुचीमा हेरफेर तथा थपघट गर्न सक्ने:**
यस ऐनको अनूसुचीमा हेरफेर तथा थपघट गन गर्नु पर्ने भएमा समन्वय तथा अनुगमन समितिको सिफारिशमा कार्यपालिकाले गर्नसक्नेछ ।

**२६. यसै अनुसार हुने:**
यो ऐन लागु हुनु पूर्व सूचना तथा संचार मन्त्रालयवाट राष्ट्रिय प्रसारण ऐन, २०४९ र राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम जारी गरेका १०० वाट सम्मका एफ. एम. को ईजाजतपत्रहरु यसै बमोजिम जारी भएको मानिनेछ ।

**२७.. व्याख्या तथा संशोधन**
यस ऐनको संशोधन गर्नु पर्ने भएमा एफ.एम रेडियो समन्वय तथा अनुगमन समितिको सिफारिशमा कार्यपालिकाले नगर सभामा पेश गरी संशोधन गर्नुपर्नेछ ।

**२८. प्रचलित कानून बमोजिम हुने :**
यस ऐनमा लेखिएको विषयमा यसै ऐन वमोजिम र अन्य विषयमा प्रचलित कानून वमोजिम हुनेछ ।

**२९. नियममवली वनाउन सक्ने :**
यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियमावली, कार्यविधी, निर्देशिका वनाउन सक्नेछ ।

**३०. संक्रमणकालीन व्यवस्था:**
(१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआए सम्म कार्यपालिकाले निर्णय गरे अनुसार हुनेछ ।

**३१. बाधा अडकाउ फुकाउने अधिकार:**
यस ऐनको उद्देश्य कार्यान्बयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ । उक्त आदेश त्यसपछी हुने नगर सभाले पारित गरेको हदसम्म मात्र कायम हुनेछ ।

३२. **बचाऊ र खारेजी:**

(१) यस ऐनको उद्देश्य तथा बिषय एवं क्षेत्रमा प्रचलित नेपाल कानून बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

(२) यस ऐनको कुनै दफा उपदफा संघीय तथा प्रदेश कानून सग बाझिएमा बाझिएको हदसम्म खारेज हुनेछ ।

अनुसूची –१

एफ.एम. रेडियो (सञ्चालन व्यवस्थापन) ऐन, २०७५ को

दफा ५.१ सँग सम्बन्धित (दर्ता आवेदन ढाँचा)

**१०० वाट सम्मको एफ. एम. रेडियो इजाजतपत्रका स्वीकृत लागि दिइने निवेदन**

श्रीमान प्रमुखज्यू
पर्सागढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
हरपुर, पर्सा ।

एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७५ को दफा ५ बमोजिम एफ.एम रेडियो सञ्चालन गर्ने इजाजतपत्र पाउनको लागि देहायका विवरणहरू खुलाई यो निवेदन गरेको छु/छौं ।

**१. निवेदक संस्था वा व्यक्तिको**

(क) नामः
(ख) आर्थिक स्थिति (स्थिर तथा चालु पूँजी)
(ग) अनुभवः -
(घ) प्राविधिक दक्षताः -
२. प्रसारण गरिने स्थानः -
३. प्रसारण हुने क्षेत्रः -
४. प्रसारण शुरु हुने मितिः -
५. प्रसारणको माध्यमः -
६. प्रसारणको क्षमताः -
७. प्रसारण गर्दा प्रयोग गरिने फ्रिक्वेन्सी र च्यानलः -
८. प्रसारण गर्दा प्रयोग गरिने उपकरणहरूः -
९. प्रसारण सम्बन्धमा उपभोक्ता तथा अन्य व्यक्ति वा निकायसंग गरिएको सम्झौताः -
१०. प्रसारणमा प्रयोग हुने भाषाः -
११. प्रसारणको समयावधिः -
१२. प्रसारण गरिने कार्यक्रमहरूः -

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक (प्रमुख) -
हस्ताक्षरः -
नामः -
पदः -
मितिः -
छापः -

(सबै सञ्चालकको व्यक्तिगत विवरण र पुष्ट्याईका कागजातहरु)

अनुसूची – २

एफ.एम. रेडियो (सञ्चालन व्यवस्थापन) ऐन, २०७५ को

दफा ५.२ सँग सम्बन्धित

**१०० वाट सम्मको एफ. एम. रेडियो इजाजतपत्र दर्ता (नियमित) का लागि दिइने निवेदन**

श्रीमान प्रमुखज्यू
पर्सागढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
हरपुर, पर्सा ।

मैले/हामीले मिति ..................मा प्राप्त गरेको एफ.एम. रेडियो सञ्चालन इजाजतपत्र नं..... अनुसार यस नगरपालिकामा एफ.एम. रेडियो संञ्चालनमा रहेकोले एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७५ को दफा ५. वमोजिम इजाजतपत्र दर्ता नियमित गराउन दस्तुर समेत बुझाई (भौचर नं.....) तपशिल वमोजिमको विवरण र कागजात सहित श्रीमान् समक्ष अनुरोध गर्दछु/गर्दछौ ।

१. निवेदक संस्था
(क) नामः
(ख) आर्थिक स्थिति (स्थिर तथा चालु पूंजी)
(ग) अनुभवः -
(घ) प्राविधिक दक्षताः -
३. प्रसारण गरीरहेका स्थानः -
४. प्रसारण हुने क्षेत्रः -
५. प्रसारण शुरु भएको मितिः -
६. प्रसारणको माध्यमः -
७. प्रसारणको क्षमताः -
८. प्रसारण गर्दा प्रयोग गरिने फ्रिक्वेन्सी र च्यानलः -
९. प्रसारण गर्दा प्रयोग गरिने उपकरणहरूः -
१०. प्रसारण सम्वन्धमा उपभोक्ता तथा अन्य व्यक्ति वा निकायसंग गरिएको सम्झौताः -
११. प्रसारणमा प्रयोग हुने भाषाः -
१२. प्रसारणको समयावधिः -
१३. प्रसारण गरिने कार्यक्रमहरूः -
माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक (प्रमुख)को -
सहीः -
नामः -
पदः -
मितिः -
छापः -

(सवै सञ्चालकको व्यक्तिगत विवरण र पुष्ट्याईका कागजातहरु)

अनुसूची – ३

एफ.एम रेडियो (सञ्चालन व्यवस्थापन) ऐन, २०७५ को

दफा ५.३ सँग सम्वन्धित

**पर्सागढी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**हरपुर, पर्सा**

**१०० वाट सम्मको एफ. एम. रेडियो इजाजतपत्र**

इजाजतपत्र नं.: -

१. इजाजतपत्र पाउने व्यक्ति वा संस्थाको नामः -

२. ठेगानाः -

(क) स्थायी ठेगाना - (ख) अस्थायी ठेगाना -

जिल्लाः - जिल्लाः -

गा.पा. /न.पा. गा.पा. /न.पा

वडा नं.: - वडा नं.: -

नगर । टोलः - नगर । टोलः -

फोन नं.: - फोन नं.: -

३. प्रसारण संस्था वा व्यक्तिको नामः -

४. प्रसारणको माध्यमः -

५. प्रसारणको क्षमताः -

६. प्रसारण गर्दा प्रयोग गरिने

(क) फिक्वेन्सीः - (ख) वैण्डः -

(ग) च्यानेलः - (घ) ट्रान्समिटरः -

(ङ) एण्टेनाः -

७. प्रसारण प्रणाली स्थापना हुने ठाउँ र प्रसारण केन्द्रः -

८. प्रसारण हुने क्षेत्र र जनसंख्याः -

९. प्रसारण शुरु हुने मितिः -

१०. प्रसारणमा प्रयोग हुने भाषाः -

११. प्रसारणको समय र समयावधिः -

१२. प्रसारण गरिने कार्यक्रमहरूः -

१३. इजाजतपत्र वहाल रहने मितिः -

१४. अन्य शर्तहरूः -

(क)

(ख)

(ग)

कार्यालयको छाप इजाजतपत्र दिने अधिकारीको : -

नामः -

सहीः -

मितिः -

दर्जाः -

कार्यालयको छाप : -

अनुसूची – ४

एफ.एम रेडियो (सञ्चालन व्यवस्थापन) ऐन, २०७५ को दफा ५.४ सँग सम्वन्धित

**पर्सागढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**हरपुर, पर्सा**

**१०० वाट सम्मको एफ. एम. रेडियो सञ्चालन दर्ता (नियमित) ईजाजतपत्र**

**इजाजतपत्र नं.: -**

१. इजाजतपत्र दर्ता नियमित इजाजतपत्र पाउने व्यक्ति वा संस्थाको नाम: -

२. ठेगाना: -

| (क) स्थायी ठेगाना - | (ख) अस्थायी ठेगाना - |
|---|---|
| जिल्ला: - | जिल्ला: - |
| गा.पा. /न.पा. | गा.पा. /न.पा. |
| वडा नं.: - | वडा नं.: - |
| नगर/टोल: - | नगर/टोल: - |
| फोन नं.: - | फोन नं.: - |

३. प्रसारण संस्था वा व्यक्तिको नाम: -

४. प्रसारणको माध्यम: -

५. प्रसारणको क्षमता: -

६. प्रसारण गर्दा प्रयोग गरिने

(क) फ्रिक्वेन्सी: - (ख) बैण्ड: -

(ग) च्यानेल: - (घ) ट्रान्समिटर: -

(ङ) एण्टेना: -

७. प्रसारण प्रणाली स्थापना हुने ठाउँ र प्रसारण केन्द्र: -

८. प्रसारण हुने क्षेत्र र जनसंख्या: -

९. प्रसारण शुरु हुने मिति: -

१०. प्रसारणमा प्रयोग हुने भाषा: -

११. प्रसारणको समय र समयावधि: -

१२. प्रसारण गरिने कार्यक्रमहरू: -

१३. इजाजतपत्र बहाल रहने मिति: -

१४. अन्य शर्तहरू: -

(क)

(ख)

(ग)

कार्यालयको छाप इजाजतपत्र दिने अधिकारीको : -

नाम: -

सही: -

मिति: -

दर्जा: -

कार्यालयको छाप : -

अनुसूची – ५

एफ.एम. रेडियो (सञ्चालन व्यवस्थापन) ऐन, २०७५ को दफा ८ सँग सम्वन्धित

**एफ. एम. रेडियो इजाजतपत्रका नविकरणको लागि दिइने निवेदन**

श्रीमान प्रमुखज्यू,
पर्सागढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा ।

मैले/हामीले मिति ................ मा प्राप्त गरेको इजाजतपत्र नं...... आ. व .................... को लागि नविकरण गरीदिननविकरण दस्तुर समेत बुझाई (भौचर नं.....) श्रीमान् समक्ष (आवश्यक कागजात संलग्न गरी) अनुरोध गर्दछु/गर्दछौं ।

संलग्न कागजात

१) निवेदन
२) वार्षिक प्रतिवेदन र कार्य योजना
३) लेखापरिक्षण प्रतिवेदन
४) करचुक्ता प्रमाण पत्र
५) अन्य कुनै नविकरर्ण गर्नुपर्ने भए सो गरेको प्रमाणित प्रतिलिपी
६) सक्कल ईजाजतपत्र
७) सञ्चालक विवरण
८) लाग्ने दस्तुर, शुल्कको भौचर/रसिद

..................
निवेदक

अनुसूची –६

एफ.एम रेडियो (सञ्चालन व्यवस्थापन) ऐन, २०७५ को दफा ८ सँग सम्वन्धित

**पर्सागढी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**हरपुर, पर्सा**

**एफ. एम. रेडियो इजाजतपत्र नविकरण**

इजाजतपत्र नं.: -

१. इजाजतपत्र पाउने व्यक्ति वा संस्थ.को नाम: -

२. ठेगाना: -

(क) स्थायी ठेगाना: -
जिल्ला: -
नगरपालिका
वडा नं.: - नगर/ टोल: -
फोन नं.: -

(ख) अस्थायी ठेगाना: -
जिल्ला: -
नगरपालिका
वडा नं.: - नगर/
टोल: -
फोन नं.: -

३. प्रसारण संस्था वा व्यक्तिको नाम: -

४. प्रसारणको माध्यम : -

५. प्रसारणको क्षमता

६. प्रसारण गर्दा प्रयोग गरिने

(क) फ्रिक्वेन्सी: - (ख) वैण्ड: - (ग) च्यानेल: -

(घ) ट्रान्समिटर: - (ङ) एण्टेना: -

७. प्रसारण प्रणाली स्थापना हुने ठाउँ र प्रसारण केन्द्र: -

८. प्रसारण हुने क्षेत्र र जनसंख्या: -

९. प्रसारण शुरु हुने मिति: -

१०. प्रसारणमा प्रयोग हुने भाषा: -

११. प्रसारणको समय र समयावधि -

१२. प्रसारण गरिने कार्यक्रमहरू: -

१३. इजाजतपत्र वहाल रहुने मिति: -

१४. अन्य शर्तहरू: -

(क)

(ख)

कार्यालयको छाप इजाजतपत्र दिने अधिकारीको

सही: -

नाम: -

दर्जा: -

कार्यालयको छाप: -

नविकरणको विवरण

| आर्थिक वर्ष | नविकरण दस्तुर तथा अन्य विवरण | नविकरण मिति | रसिद नं | नविकरण गर्ने अधिकारीको दस्तखत र मिति | कार्यालयको छाप |
|---|---|---|---|---|---|
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |

अनुसूची –७

एफ.एम रेडियो (सञ्चालन व्यवस्थापन) ऐन, २०७५ को दफा ७ सँग सम्वन्धित

**स्याटेलाइट रिसिभिङ्ग सिष्टम, स्याटेलाइट कम्यूनिकेशन सिष्टम (अर्थ स्टेशन) को लाइसेन्सको लागि दरखास्तः**

श्रीमान प्रमुखज्यू
पर्सागढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
हरपुर, पर्सा ।

स्याटेलाइट रिसिभिङ्ग सिष्टम राख्न तथा प्रयोग गर्नको लागि देहायका विवरणहरू खुलाई प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेशिफिकेशनको प्रतिलिपि समेत संलग्न गरी स्याटेलाइट रिसिभिङ्ग सिष्टमको लाइसेन्स पाउनको लागि अनुरोध गर्दछु ।

१. प्रयोग गर्नु पर्ने उद्देश्य र कारणः -
२. प्रयोग गर्न चाहेको सिष्टमको विवरणः -
(क) निर्माताको नामः -
(ख) मोडेल नं.: -
(ग) सिरियल नं.: -
(घ) साइज र अन्य विवरणः -
(ङ) एण्टेना सम्वन्धी विवरणः -
३. प्रयोग गरिने ठाउँः -
४. आर. एफ. फ्रिक्वेन्सी रेन्ज । प्रयोग गर्ने फ्रिक्वेन्सीः -
५. कुन स्याटेलाइटको माध्यमवाट के कस्तो सञ्चार आदान प्रदान गर्ने होः -
६. प्रयोग भइरहेको भए कुन मितिदेखि प्रयोग भइरहेको होः -
७. प्रयोगः -
(क) व्यक्तिगतः -
(ख) सामुहिकः -
८. सामुहिक रूपमा प्रयोग गरिने भए प्रयोगकर्ताहरूको नाम र अन्य विवरण (नाम यसैसाथ संलग्नगरेको हुनुपर्ने)
९. घर वहालमा लिई रेडियो यन्त्र राख्ने वा प्रयोग गर्ने भए घर धनीको स्वीकृति भए नभएकोः -
(घर धनीको स्वीकृति पत्र यसैसाथ संलग्न गर्नु पर्ने)
१०. आयात गरिने देशको नामः -
११. आयात हुने भन्सार कार्यालयको नामः -

दरखास्तवालाको
सहीः -
नामः -
ठेगानाः -
मितिः -

अनुसूची– ८

एफ.एम रेडियो (सञ्चालन व्यवस्थापन) ऐन, २०७५ को दफा ७ सँग सम्वन्धित

## एफ एम ट्रान्समिटर र STL Link को लाईसेन्सको लागि दरखास्त

श्रीमान प्रमुखज्यू,
पर्सागढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
हरपुर, पर्सा ।

देहायका रेडियो यन्त्र राख्न तथा प्रयोग गर्नको लागि देहायका विवरणहरू खुलाई प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेसिफिकेशनको प्रतिलिपि समेत संलग्न गरी रेडियो यन्त्रको लाइसेन्स पाउनको लागि अनुरोध गर्दछु ।

१. रेडियो यन्त्र प्रयोग गर्नाको उद्देश्य एवम् कारण: -
२. प्रयोग गर्ने स्थान: -
३. प्रयोग गरिने फ्रिक्वेन्सी: -
४. प्रयोग गर्ने अनुमानित मिति: -
५. रेडियो यन्त्रको विवरण: -
(क) निर्माता: -
(ख) मोडेल नं.: -
(ग) सिरियल नं. आदि: -
६. स्टेशनको प्रकार: -
७. प्रयोग गरिने प्रणालीको प्रकार: -
८. प्रयोग गरिने समय: -
९. अन्य विवरण: -
(क)
(ख)
(ग) दरखास्तवालाको
सही: -
नाम: -
ठेगाना: -
मिति: –

अनुसूची– ९

एफ.एम रेडियो (सञ्चालन व्यवस्थापन) ऐन, २०७५ को दफा ७ सँग सम्वन्धित

**पर्सागढी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**हरपुर, पर्सा**

## स्याटेलाइट रिसिभिङ्ग सिष्टमको इजाजत पत्र

देहायका व्यक्ति, फर्म, कम्पनि वा संस्थालाई निम्न लिखित शर्तहरू पालन गर्ने गरी निम्न विवरणको स्याटेलाइट रिसिभिङ्ग सिष्टम (अर्थ स्टेशन) राख्न तथा प्रयोग गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ।

१. व्यक्ति, फर्म, कम्पनि वा संस्थाको नामः -

२. ठेगानाः -

३. लाइसेन्स नं.: -

४. जडान हुने स्थानः -

५. अर्थ स्टेशन स्याटेलाइट सिष्टमको विवरणः -

(क) निर्माताको नामः -

(ख) मोडेल नं.: -

(ग) साइज र अन्य विवरणः -

(घ) एण्टेनाको विवरणः -

६. इनपुट फ्रिक्वेन्सी रेन्ज। प्रयोग गरिने फ्रिक्वेन्सीः -

७. कुन स्याटेलाइटको माध्यमवाट कस्तो सञ्चार आदान -प्रदान गर्नेः -

८. प्रयोगः -

(क) व्यक्तिगतः - (ख) सामूहिकः -

९. सामूहिक रूपमा प्रयोग गरिने भए जोडिने लाइन संख्या र व्यक्तिहरूको नामः -

१०. लाइसेन्सवालाले पालन गर्नु पर्ने शर्तहरूः -

(क) सार्वजनिक सडक, विजुली, सार्वजनिक सञ्चारलाई असर पार्न नपाउने गरी निजी घर कम्पाउण्डभित्र मात्र वितरण गर्नुपर्नेछ।

(ख) आम जनताको लागि प्रसारण भएको प्राप्त प्रसारण सामाग्री वाहेक अन्य कुनै प्रकारको प्रसारण सामाग्रीहरू वितरण वा प्रसारण गर्न पाइने छैन।

(ग) मुनाफा वा शुल्क आदि लिई फाइदा लिन वा व्यापारिक प्रयोग गर्न पाइने छैन।

कार्यालयको छाप लाइसेन्स दिने अधिकारीको

सहीः -

नामः -

दर्जाः - मिति -

## नविकरणको विवरण

| आर्थिक वर्ष | नविकरण दस्तुर तथा अन्य विवरण | नविकरण मिति | रसिद नं | नविकरण गर्ने अधिकारीको दस्तखत र मिति | कार्यालयको छाप |
|---|---|---|---|---|---|
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |

अनुसूची – १०

एफ.एम. रेडियो (सञ्चालन व्यवस्थापन) ऐन, २०७५ को दफा ७ सँग सम्वन्धित

**पर्सागढी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**हरपुर, पर्सा**

## एफ.एम. ट्रान्समिटर र STL Link राख्न तथा प्रयोग गर्नको लागि इजाजतपत्र

देहायका व्यक्ति, फर्म, कम्पनि वा संस्थालाई निम्न लिखित शर्तहरू पालन गर्ने गरी निम्नविवरणको रेडियो यन्त्र राख्न तथा प्रयोग गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ ।

१. व्यक्ति, फर्म, कम्पनि वा संस्थाको नाम: -

२. ठेगाना: -

३. लाइसेन्स नं.: -

४. प्रयोग गरिने स्थान: -

५. प्रयोगको उद्देश्य: -

६. प्रयोग गर्ने स्थान: -

७. प्रयोग गरिने फ्रिक्वेन्सी: -

८. रेडियो यन्त्रको विवरण: -

(क)

(ख)

(ग)

(घ)

९. प्रयोग गर्ने मिति: -

१०. स्टेशनको प्रकार: -

११. प्रयोग गरिने प्रणाली: -

१२. प्रयोग गरिने समय: -

१३. लाइसेन्सवालाले पालन गर्नु पर्ने शर्तहरू: -

(क)

(ख)

(ग)

कार्यालयको छाप: -

लाइसेन्स दिने अधिकारीको

सही: -

नाम: -

दर्जा: -

मिति: -

## नविकरणको विवरण

| आर्थिक वर्ष | नविकरण दस्तुर तथा अन्य विवरण | नविकरण मिति | रसिद नं | नविकरण गर्ने अधिकारीको दस्तखत र मिति | कार्यालयको छाप |
|---|---|---|---|---|---|
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |

अनुसूची– ११

एफ.एम रेडियो (सञ्चालन व्यवस्थापन) ऐन, २०७५ को दफा १९ सँग सम्वन्धित

**एफ. एम. रेडियो इजाजतपत्रको विवरण संसोधन वा बदल्न दिईने निवेदनको ढाँचा**

श्रीमान प्रमुखज्यू
पर्सागढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा ।

मैले/हामीले मिति ..................मा प्राप्त गरेको इजाजतपत्र नं. ..... मा देहाय वमोजिमको विवरण वदल्न चाहेकोले संलग्न अनुसारको कागजातहरु सहित श्री..................समक्ष अनुरोध अनुरोध गर्दछु/गर्दछौं ।

बदल्न चाहेको विवरण

क)

ख)

ग)

संलग्न

१) निवेदन

२) सक्कल ईजाजतपत्र

३) भौचर/रसिद

..................

निवेदक

अनुसूची– १२

एफ.एम रेडियो (सञ्चालन व्यवस्थापन) ऐन, २०७५ को दफा २० सँग सम्बन्धित

**एफ. एम. रेडियो इजाजतपत्रको हक हस्तान्तरण गराउन दिईने निवेदनको ढाँचा**

श्रीमान प्रमुखज्यू
पर्सागढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा ।

मैले/हामीले मिति ..................मा प्राप्त गरेको इजाजतपत्र नं. ..... मा देहाय बमोजिमको हक हस्तान्तरण गराउन चाहेकोले संलग्न अनुसारको कागजातहरु सहित श्रीमान समक्ष अनुरोध अनुरोध गर्दछु/गर्दछौं ।

**१. हाल कायम रहेको हकवालाहरुको विवरण**

नाम : -
ठेगाना: -
.............................. गाँउपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका
वडा नं. ....... नगर/ टोल: -
फोन नं.:- घर नं: - फ्याक्स नं: - इमेल ठेगाना: -
(हाल कायम रहेका सवै हकवालाहरुको)

**१. हक कायम गर्नु पर्नेको विवरण**

नाम : -
ठेगाना: -
.......................... गाँउपालिका/नगरपालिका/उप महानगरपालिका/महानगरपालिका
वडा नं. ....... नगर/ टोल: -
फोन नं.: - घर नं: - फ्याक्स नं: - इमेल ठेगाना: -
(सवै हक कायम हुनु पर्नेहरुको)

**३) निवेदन साथ संलग्न प्रमाणित कागजात**

२) ईजाजत पत्रको प्रतिलिपी
३) भौचर/रसिद
४) कर चुक्ता तथा नविकरण
५) सम्पति विवरण र मुल्यङ्कन
६) करार सहमती कालो सुचीमा नरहेको स्वयम घोषणा

..................
निवेदक

अनुसूची– १३

एफ.एम रेडियो (सञ्चालन व्यवस्थापन) ऐन, २०७५ को दफा २१ सँग सम्वन्धित

## एफ. एम. रेडियो सञ्चालन ठाउसारी गराउन दिईने निवेदनको ढाँचा

श्रीमान प्रमुखज्यू
पर्सागढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा ।

मैले/हामीले मिति ..................मा प्राप्त गरेको इजाजतपत्र नं. ..... अनुसार सञ्चालित एफ. एम रेडियोको देहाय बमोजिम ठाउसारी गराउन चाहेकोले संलग्न अनुसारको कागजातहरु सहित श्रीमान समक्ष अनुरोध अनुरोध गर्दछु/गर्दछौं ।

**१. हाल रहेको स्थानको विवरण**

ठेगाना -
पर्सागढी नगरपालिकाको वडा नं. ....... नगर/ टोलः -
फोन नं.: - घर नं: - फ्याक्स नं: - इमेल ठेगानाः -
सम्पर्क व्यक्ति

**२. ठाउंसारी हुदा रहने स्थानको विवरण**

ठेगाना -
पर्सागढी नगरपालिकाको वडा नं. ....... नगर/ टोलः -
फोन नं.: - घर नं: - फ्याक्स नं: - इमेल ठेगानाः -

**३) निवेदन साथ संलग्न प्रमाणित कागजात**

२) ईजाजत पत्रको प्रतिलिपी
३) भौचर/रसिद
४) ठाउसारी भई जाने ठाउको स्वमित्व, स्विकृती
५) ठाउसारी भई जाने ठाउको मापदण्ड
६) सम्वन्धित वडाको सिफारीस तथा आवश्यक अन्य आवश्यक कागजात

..................
निवेदक

*प्रमाणित मिति २०७८/०३/१३ गते*

आज्ञाले,
भरत प्रसाद यादव
नि. प्रमुख प्रशासकीय अधिकृत